भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ६ फागुन ०१, २०७६

## भाग-२

भेरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

सूचना

# भेरी नगरपालिकाको पशुपन्छी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना :** भेरी नगरपालिका जाजरकोटले नगर क्षेत्रभित्र पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई संभाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरि विकास गर्ने नीति लिएको छ । नगरपालिकाले सरकारी पर्ती तथा खेर गईरहेको बाँझो जमीन र रोड कोरीडोरमा डाले घाँस तथा बहुवर्षिय पोषिला घाँस खेतीमा वृद्धि गरि पशुआहाराको आपूर्ति बढाउने र उपयुक्त प्रविधिको प्रयोगबाट आधुनिक पशुपन्छी पालन व्यवसायलाई प्रवर्द्धन गर्दै व्यवस्थित र व्यवसायिक रुपान्तरण गर्ने उद्देश्य राखेको छ । पशुपन्छी जन्य पदार्थको उत्पादन वृद्धि गरी खाद्य सुरक्षालाई पोषणमैत्री बनाउदै गोठ देखि ओठ सम्म दैनिक स्वस्थ्य, पौष्टिकताले भरिपूर्ण भोजनको उपलब्ध गराउनुका साथै पशुपन्छी तथा मत्स्य जन्य पदार्थको उत्पादकत्व वृद्धि एवम् बिक्री वितरणलाई व्यवस्थित गर्न र कृषकको आय

स्तरमा सुधार गरि गरिवी न्यूनीकरण तथा रोजगारी श्रृजना गर्ने लक्ष्य रहेको छ । जसको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले पशुपन्छी तथा मत्स्य पालन नीति, २०७६ तर्जुमा गरेको छ । उक्त नीतिको व्यवहारिक एवम् प्रभावकारी कार्यान्वयन गर्न **"दुध, अण्डा, माछा, मासुको उत्पादकत्व बृद्धि-हाम्रो अभियान, व्यवसायिक पशुपन्छी पालनका लागि कृषकलाई आर्थिक अनुदान"** भन्ने मुल नाराका साथ भेरी नगरपालिका जाजरकोटले देहाय बमोजिमको कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "भेरी नगरपालिकाको पशुपन्छी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यबिधि भेरी नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट तुरुन्त लागु हुने छ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि,

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले भेरी नगरपालिका सम्झनु पर्दछ ।

(ग) "निर्देशनालय" भन्नाले प्रदेश पशुपंछी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले भेरी नगरपालिका पशुपन्छी कार्यक्रम संचालन गर्न बनेको कार्यविधि, २०७६ सम्झनु पर्ने छ ।

(ङ) "समिति" भन्नाले कार्यविधिको दफा १८ बमोजिम गठन भएका समिति सम्झनु पर्दछ ।

(च) "कार्यक्रम" भन्नाले भेरी नगरपालिका पशुपन्छी शाखाबाट सशर्त अनुदान वा समानिकरण र पशुपन्छी तथा मत्स्य सम्बन्धिका अन्य अनुदान वा नगरपालिको संचित कोषबाट संचालन गरीने सम्पूर्ण कार्यक्रम सम्झनु पर्ने छ ।

**३. पशुपन्छी कार्यक्रम संचालनका लागि मापदण्ड सम्बन्धी व्यवस्था:**

(१) नगरपालिका क्षेत्रका कृषकहरुका लागि लागत साझेदारीमा संचालन गर्न सकिने कृयाकलापहरुको आर्थिक तथा प्राविधिक मापदण्ड निम्न बमोजिम व्यवस्था गरीएको छ ।

(२) पशुपालन सम्बन्धी मापदण्ड निम्नानुसार व्यवस्था गरिएको छ ।

| विषयगत व्यवसाय | अनुदानमा समाबेश गरिने कार्यक्रम | कार्यक्रम खर्च सहयोगको परिधी | कैफियत |
|---|---|---|---|
| व्यवसायिक व्यक्तिगत कृषकको हकमा कम्तीमा ३०माउ भेडा वा बाखा र समुह, सहकारीको हकमा प्रति सदस्य माउ भेडा वा बाखा ७ वटा भन्दा माथीहुनु पर्ने र समुहमा १० देखी २५जना सदस्य हुनु पर्ने | खोर निर्माण आवश्यक मेशीनरी औजार बोका खरिद तथा ढुवानी डाले घाँसको विरुवा भुइ घाँस बाखाको लागि खोप आन्तरीक बाह्य परजिवी नियन्त्रण प्राकृतिक प्रकोप कोष/विमा सुचना बोर्ड | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म वा प्रति भेडा बाखा रु५०००। को दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| व्यवसायिक कुखुरा (लेयर्स र स्थानीय ) | खोर निर्माण, कुखुराको चल्ला खरिद तथा ढुवानी,दाना प्रति चल्ला केजी,चल्लाको खोप, आन्तरीक तथा वाह्यपरजिवी नियन्त्रण, व्यवसायिक कुखुरा पालन,सुचना बोर्ड | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनु पर्ने(लेयर्स कम्तीमा ३०० र स्थानिय कम्तीमा १०० भन्दा बढी पाल्ने क्षमता भएको हुनु पर्ने |
| व्यवसायिक बंगुर | खोर निर्माण, आवश्यक मेशीनरी उपकरण, विर खरिद तथा ढुवानी, भुइ, घाँस,बंगुरको खोप,आन्तरीक तथा बाह्य परजिवीनियन्त्रण, प्राकृतिक प्रकोप कोष/विमा | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशतसम्म प्रति बंगुर रु ३,०००। का दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनुपर्ने,पाठा पाठी उत्पादनको लागि कम्तीमा ५माउ बंगुर,पालेको हुनु पर्नेछ र मासुको प्रयोजनको लागि १५ बंगुर पालेको हुनु पर्नेछ। |
| व्यवसायिक गाई भैसी | गोठ निर्माण, उन्नत गाई तथा भैसी खरिद ढुवानी, राँगो तथा साँढे खरिद तथा ढुवानी,मिल्कीङ, मेसीन मिल्क क्यान ह्लिव्यारो डाले घाँस, भुइघाँस,च्यापकटर,पशु खोप,आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण, पशु, विमा, सुचना बोर्ड कार्यक्रम अभिमुखिकरण, पव्लीक अडिट, सार्वजनिक सुनुवाइ, विषयगत व्यवसायिक तालिम | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म र प्रति पशु ३०,०००। का दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनु पर्ने र कम्तीमा ५वयस्क गाई,भैसी पालेको हुनु पर्ने। |
| सामुदायिक बाखा पालन | | | |
| वाखा श्रोत विकासको लागि कम्तीमा ५०माउवाखा हुनु पर्नेछ। र सामुदायिक वाखापालनको लागि कम्तीमा २००वाखा हुनु पर्नेछ। | तथ्यांक संकलन,वोका खरिद तथा वितरण व्यवस्थापन,आहारा सुधार,विषालु झार नियन्त्रण,चरन खर्क,सुधार,प्राविधिक तालिम, कृषक तालिम,औषधी कोष स्थापना, प्राविधिक खर्च,पशु विमा | स्वीकृत वजेटको परिधी भित्र अधिकतम ५० प्रतिशत सम्म अनुदान सहयोग गर्न सकिने। | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| चरन तथा आहारा सेवा कार्यक्रमहरु | | | |
| घाँस तथा घासे बाली श्रोत केन्द्र | मुल विउ, राइजोवियम विषालु झार नियन्त्रण, चरन क्षेत्र सुधार,सिचाईको लागी प्लाष्टिक पोखरी निर्माण,पाइप २०मि.मि.को ५००मि. | स्वीकृत वजेटको परिधी भित्र रहि लागतस्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| घाँस विउ उत्पादन केन्द्र | मुल विउ , राइजोवियम, सिचाको लागी प्लाष्टिक पोखरी निर्माण, पाइप २० मि.मि.को ५००मि. | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |

| | | | |
|---|---|---|---|
| चरन खर्क सुधार | चरन क्षेत्रको पुर्वाधार विकास | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटका अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुध तथा दुध जन्य पदार्थ सम्वन्धि कार्यक्रमहरु | | | |
| डेरी पसल सुधार | डि फ्रीज ५०० लि क्ष, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ, क्रीम सेपेरटर, पास्चुराइजर, | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| साना डेरी स्थापना | डि फ्रीज ५०० लि क्षमता, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुध संकलन केन्द्र स्थापना | डि फ्रीज १००० लि क्ष, ५०० लि क्ष चिलिङ भ्याट, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुग्ध उद्योग संग सम्बन्धि मेशीनरी सामानहरु | | | |
| दुध चिस्यान केन्द्र स्थापना | भवन निर्माण, डि फ्रीज १०००लि. क्षमता चिलिङ भ्याट१०००लि.क्षमता.मिल्क क्यान,ल्याक्टो,मिटर,रिकापी कोठाको,फिनिसिङ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| दुग्ध प्रशोधन केन्द्र स्थापना | भवन,निर्माण,डि.फ्रीज,२हजार लि.क्षमता,चिलिङ भ्याट हजार लि.क्षमता, मिल्कक्यानल्याक्टोमिटर, रिकापी कोठाको,फिनिसिङ क्रीम सेपेरेटर, पास्चुराइजर, अन्य दुधजन्य उप पदार्थ बनाउने मेसीनहरु | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| मासु संग सम्बन्धित कार्यक्रमहरु | | | |
| मासु पसल सुधार | कोठाको फिनिसिङ,डि फ्रीज ,मासु काट्ने औजारहरु ,ग्याँस,बर्नर,ड्रेसिङ मेसीन, डिस्पोजेवल पिठ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| साना पशु बध स्थल निर्माण सुधार | मापदण्ड अनुसारको पशु बधस्थल भवन , र सो भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | नगरपालिकाको सत प्रतिशत अनुदान लागतमा निर्माण गरिने। | कार्यबिधि निर्देशिकाको ८.२.९ अनुसार हुनेछ । |
| ठुला पशु बध स्थल निर्माण सुधार | मापदण्ड अनुसारको पशु बधस्थल भवन,र सो भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | नगरपालिकाको सत प्रतिशत अनुदान | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| आधुनिक पशु बधशाला निर्माण | मापदण्ड अनुसारको आधुनिक पशु बधशाला, र सो भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| मत्स्य पालन | | | |
| व्यवसायिक माछा पालन | माछा पोखरी निर्माण | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म वा प्रति रोपनी ३००००० मध्य जुन कम हुन्छ सो रकम | स्थानिय दर रेट अनुसार स्टीमेट भएको हुनु पर्ने र कम्तीमा १ रोपनी जग्गामा पोखरी निर्माण गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| मझ्यौला ह्याचरी स्थापना | ह्याचरी भवन, ह्याचिङमेसीन कार्यालय भवन, कुखुराको खोर, स्टोर , विद्युत | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| साना ह्याचरी स्थापना | ह्याचरी भवन, ह्याचरी मेसिन कार्यालय भवन, कुखुराको , स्टोर , विद्युत | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ढुवानी साधन संग सम्बन्धित कार्यक्रमहरु | | | |
| दुध ढुवानीका साधन | मापदण्ड अनुसार दुध संकलन तथा ढुवानी गर्ने साधन, चिलिङ भ्याट | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| पशु ढुवानीका साधन | मापदण्ड अनुसार पशु ढुवानी गर्ने साधन | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ३० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| मासु ढुवानीका साधन | मापदण्ड अनुसार फ्रोजन मासु ढुवानी गर्ने साधन | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| पशु पंछी हाट वजार सम्बन्धि कार्यक्रमहरु | | | |
| पशपन्छी संकलन केन्द्र | संकलन स्थलको तारवार वाउन्ड्री वाल,कार्यालय,भवन,पानी व्यवस्थापन, सौचालय,डिस्पोजल पिट,खोर,डुढ,टहरा | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| साना पशु हाटवजार स्थापना | बजार स्थलको तारवार वाउन्डी,वाल,कार्यालय,भवन पानी व्यवस्थापन, शौचालय डिस्पोजल पिट, टहरा, डुढ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ठुला पशु हाटवजार स्थापना | बजार स्थलको तारवार वाउन्डी वाल, कार्यालय,भवन,पानी,व्यवस्थापन, शौचालय, डिस्पोजल पिट, टहरा डुढ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ऊन उत्पादन तथा प्रशोधन केन्द्र | | | |
| ऊन उत्पादन | ऊन उत्पादन व्यवसाय संचालन गर्न आवश्यक पर्ने उपकरण खरिद तथा ढुवानी र ऊन भण्डारणका लागि भौतिक पुर्वाधारका कार्यक्रम हरु समावेश गर्न सकिने छ । | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| ऊन प्रशोधन | ऊन प्रशोधन उद्योगका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार र ऊन तथा ऊन जन्य वस्तु उत्पादनका लागि आवश्यक पर्ने मेशीनरी सामानहरु खरिद तथा ढुवानी गर्ने खालका कार्यक्रम संचालन गर्न सकिनेछ | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |
| पशु श्रोत केन्द्र स्थापना | | | |
| प्रवर्द्धनात्मक पशु श्रोत केन्द | यस कार्यक्रम अन्तरगत प्रवर्द्धन गर्न निश्चित गरिएका पशु पालन व्यवसायमा आवश्यक पर्ने सुचना संकलन, भौतिक पुर्वाधार विकास र मेशीनरी सामानको व्यवस्था गर्न सकिने कार्यक्रम संचालन गरीनेछ । | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |

| | | | |
|---|---|---|---|
| संरक्षणात्मक पशुश्रोत केन्द्र | यस कार्यकम अन्तरगत संरक्षण गर्न निश्चित गरिएका पशु पालन व्यवसायमा आवश्यक पर्ने सुचना संकलन, भौतिक पुर्वाधार विकास र मेशीनरी सामानको व्यवस्था गर्न सकिने कार्यकम संचालन गरीनेछ । | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ७० प्रतिशत सम्म अनुदान । | स्थानिय दर रेट अनुसार लागत स्टीमेट भएको हुनु पर्ने |

(३) आयआर्जन सम्बन्धी क्रियाकलापहरु (गाई, भैसी, कुखुरा, बाखा, भेडा, बंगुर, माछा) सम्बन्धी कार्यक्रममा कानुनी रुपमा दर्ता भएका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आफुले चाहेको विषयमा पनि आवेदन दिई कार्यक्रम संचालन गर्न सक्ने छन् र यो कार्यक्रम आयआर्जनका लागि मात्र संचालन गरिनेछ तर यस कार्यक्रममा आवेदनकर्ताले कुल लगानीको कम्तीमा ५० प्रतिशत भौतिक पूर्वाधार र मेसीनरी सामानमा नगद सहभागिता अनिवार्य गर्नु पर्नेछ ।

(४) व्यवसायोन्मुख क्रियाकलाप (कुखुरा, भेडा, बाखा, गाइ, भैसी, बंगुर, माछा) सम्बन्धी कार्यक्रममा सामान्य रुपमा व्यासाय संचालन गरि रहेका तर पूर्ण व्यावसायिक भइ नसकेका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आफुले चाहेको विषयमा पनि आवेदन दिइ कार्यक्रम संचालन गर्न सक्ने छन र यो कार्यक्रमले व्यावसायिकरण गरी उत्पादनमा टेवा पुऱ्याउनु पर्नेछ । तर यस कार्यक्रममा आवेदनकर्ताले कम्तीमा ३० प्रतिशत नगद सहभागिता अनिवार्य गराउनु पर्नेछ ।

(५) व्यवसायिक सम्बन्धित कार्यकम (कुखुरा, भेडा, बाखा, गाई, भैसी, बंगुर, माछा) मा आवेदन गर्न नियमित रुपमा व्यवसाय संचालन गरी राखेका नियमित रुपमा दर्ता नविकरण भएका र उत्पादन गरी विक्री वितरण गरी राखेका लाई प्रबर्द्धन तथा विविधिकरण गरी बजारीकरण गर्न सक्ने क्षमता भएका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यवसायी र सरोकारवाला संघ संस्थाहरुले कार्यक्रम समाबेश गरी आवेदन पेश गर्नु पर्ने छ । आवेदनकर्ताले यस कायक्रममा स्वलगानीको ५० प्रतिशत नगद नगद लगानी अनिवार्य गर्नु पर्ने छ ।

(६) बृहत व्यवसायिक कार्यक्रम (कुखुरा, भेडा, बाखा, गाई, भैसी, बंगुर, माछा) मा छरिएर रहेका विभिन्न व्यावसायलाई एकिकृत गरी बृहत रुपमा सामुहिक पशु पालन वा व्यावसाय संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुल आफुले गर्न चाहेको कार्यक्रमको व्यावसायिक कार्य योजना सहित आवेदन दिन सक्नेछन तर यस

कार्यक्रममा कम्तिमा स्वलगानीको ५० प्रतिशत नगद लगानी अनिवार्य गर्नु पर्नेछ ।

(७) पकेट प्याकेज कार्यक्रम (कुखुरा, भेडा, बाखा, गाई, भैसी, बंगुर, माछा) मा एक क्षेत्रमा रहेका एक विषयलाइ प्रबर्द्धन गरी सो विषयका सम्पुर्ण उत्पादनहरुलाई एकिकृत रुपमा बजारीकरण गर्न र एकल उत्पादनको पहिचान गराउने खालका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन तर यसका लागि स्व लगानीको २५ प्रतिशत नगद लगानी र २५ प्रतिशत श्रमदान समावेश गरी व्यवासायिक कार्य योजना सहीत आवेदन गर्नु पर्ने छ र अनुदान रकम ५० प्रतिशतमा नबढाइ कार्यक्रम संचालन गरिने छ ।

(८) सहकारी मार्फत संचालन गरिने कार्यक्रम (कुखुरा, भेडा, बाखा, गाई, भैसी, बंगुर, माछा) मा सहकारी ऐन, २०७४ बमोजिम तथा प्रचलित सहकारी मापदण्डका आधारमा रहेका सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र भित्र नियमानुसार कार्ययोजना बनाई कार्यक्रम संचालन गर्नका लागि आवेदन दिन सक्नेछन् । तर सहकारी संस्थाको नाममा तोकिएर स्वीकृत भएको कार्यक्रम भएमा निर्देशिका, मापदण्ड र कार्यविधिले तोकेका कार्ययोजनामा अनिवार्य समावेस गर्नु पर्ने छ । यस कार्यक्रममा एक अवधिको लागि अनुदान रकम ५० प्रतिशत मात्र उपलब्ध गराइने छ ।

(९) पशु आहारा सेवा, चरन विकास तथा घाँस श्रोत विकास विकास कार्यक्रम (घाँस बीउ उत्पादन सम्बन्धी कार्यक्रम (डाले, घाँस, भुई घाँस, बहु वर्षिय, एक वर्षे) मा सहकारी पशु आहारामा सुधार गरीने कार्यक्रमहरु जस्तै चरन खर्क सुधार उन्नत घाँस विकास स्थानिय घाँस अनुसन्धान र घाँस श्रोत विकास र घाँस विविधीकरण संरक्षण जस्ता कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन तर यसका लागि भौतिक पुर्वाधार, मेसीनरी सामान र मुल बिउ वितरणमा लाग्ने कुल रकमको अधिकतम ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराइने छ । अन्य आवश्यक कार्यक्रम र अनुदानमा थप हुने नगद वा श्रम आवेदक स्वयमले सहभागिता गर्नुपर्ने छ । तर अनुसन्धानात्मक कार्यक्रममा प्राविधिक खर्च अनुदानमा समावेश गरिनेछ ।

(१०)ह्याचरी निर्माण सुधार (कुखुरा) कार्यक्रम अन्तर्गत कुखुरापालक कृषकलाई कुखुरा पालन व्यवसायमा सहभागि गराउन चल्ला उत्पादन तथा बिक्री

वितरण गरी यस नगरलाई अण्डा तथा मासु उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यका साथ आर्थिक तथा प्राविधिक रुपले चल्ला उत्पादन गर्न ह्याचरी स्थापना र संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, आवेदन गर्न सक्नेछन तर यसका लागि भौतिक पूर्वाधार र मेसीनरी सामान खरिदमा अधिकतम ५० प्रतिशत सम्म अनुदान प्रदान गरिने छ र अन्य संचालन र संचालन पुर्वका खर्चहरुमा अनुदान रकम दिइने छैन । यस अनुदानमा निम्न किसिमका ह्याचरी स्थापना तथा स्तरवृद्धिका लागि आवेदन पेश गर्न सकिने छ । तर आवेदनका साथ विस्तृत व्यावसायिक कार्ययोजना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

क) साना ह्याचरी: प्रतिलट १००० चल्ला सम्म उत्पादन गर्ने उत्पादन क्षमता भएको ।

ख) मझौला ह्याचरी: प्रतिलट, १०००चल्ला भन्दा माथी, ३००० सम्म उत्पादन क्षमता भएको ।

**४. पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी व्यवस्था:**

(१) संकलन केन्द्र स्थापना संचालन तथा स्तरोनती (दुध, पशु, पंछी र बिउबिजन संकलन कार्यक्रममा पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थ र पशु उत्पादनका लागि आवश्यक कच्चा पदार्थ संकलन गरि बजार व्यवस्थापन मार्फत उपभोक्ता सम्म पुऱ्याउने उद्देश्य राखी संचालन गरिने कार्यक्रमहरु मा इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन तर यसका लागी संकलन केन्द्रमा संकलन का लागि आयात हुने बस्तुको श्रोत तथा परिमाण आवेदन साथ आधिकारीक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ । यसका लागि भौतिक पुर्वाधर, मेसीनरी सामानमा बढीमा ५० प्रतिशत, ढुवानी साधनमा अधिकतम ३० प्रतिशत र एक पटक प्रचार प्रसारको लागि आवश्यक सामाग्री खरीदमा अधिकतम २५ प्रतिशत अनुदान उपलव्ध गराइने छ । बाँकी कार्य संचालनका लागि आवश्यक पुँजी अनुदानमा लागत सहभागिता स्वयम आवेदकले बेहोर्नु पर्ने छ ।

**<u>आधारहरु</u>**

**क) दुध संकलन केन्द्र :**

१) यस केन्द्रको ५ कि.मि परिधी भित्र प्रसस्त मात्रामा दुध उत्पादन गर्ने दुग्ध उत्पादक कृषक समुह समिति र सहकारी संस्थाहरुको विवरण ।

२) दैनिक कम्तीमा ५०० लिटर दुध संकलन गरिनु पर्ने ।

३) आवेदक कानूनी रुपमा दर्ता भएको हुनु पर्ने ।

**ख) पशुपन्छी संकलन केन्द्र**

१) यस केन्द्रको ५ कि.मि परिधी भित्रबाट पशु तथा पंछी आउन सक्ने र कम्तीमा संकलनको दिनमा कम्तीमा १०० भन्दा बढी पशु बस्तुहरु विक्रीका लागि आउन सक्ने ।

२) वर्षै भरी यातायातको सुविधा भएको हुनु पर्ने

३) आवेदक कानुनिरुपमा दर्ता भएको हुनु पर्ने छ ।

**ग) विउ विजन (घाँस तथा डाले घाँसका विरुवा समेत) संकलन केन्द्र**

१) यस केन्द्रको ५ कि.मि परिधी भित्रको क्षेत्रबाट विउ विजन उत्पादक कृषक । समुह समिति र सहकारी हुनुपर्ने ।

२) संकलन गरिएको विउ परिक्षण गर्न सक्ने पुर्वाधार हुनु पर्ने ।

३) संकलन गरिएको विउ विक्री हुने स्थान खुलाउनु पर्ने ।

४) आवेदक कानुनि रुपमा दर्ता भएको हुनु पर्ने ।

(२) पशु हाट बजार स्थापना संचालन र स्तरोनती (ठुला पशु, साना पशु र पन्छी) कार्यक्रममा कृषकहरुले पालेका सम्पुण पशुहरु कृषको चाहना अनुसार बिक्रीका लागि सहजीकरण गर्न र समयको सदुपयोग गरी बजार बिचौलियाहरुलाई निरुत्शाही गरि स्वयं कृषकलाई उचित मुल्य व्यवस्थापन गर्न र पशु खरिद श्रोत केन्द्रका रुपमा विकास गर्ने उद्देश्य लिइ इच्छुक कृषक समुह समिति सहकारी संस्था उपभोक्ता समिति हरुले आवेदन दिन सक्नेछन । यसका लागि आवश्यक भौतिक पुर्वाधार र मेसीनरी सामानहरुमा अधिकतम ५० प्रतिशत र एक पटक प्रचार प्रसारका लागि अधिकतम ३० प्रतिशत अनुदान प्रदान गरिने छ ।

(क) यस केन्द्रको ५ कि.मि परिधि भित्रबाट पशुहरु बिक्रीका लागि आउन सक्ने र कम्तीमा संकलनको दिनमा १५० भन्दा बढी पशु वस्तुहरु बिक्रीका लागि आउन सक्ने ।

(ख) वर्षै भरी यातायातको सुविधा भएको हुनु पर्ने ।

(ग) आवेदक कानूनी रुपमा दर्ता भएको हुनु पर्ने ।

(घ) स्थानीय गाउँ पालिका र नगर पालिकाले समेत सहकार्य गर्न सक्नेछन ।

(३) पशु जन्य उत्पादनको विविधीकरण प्रशोधन वितरण सम्बन्धी कार्यक्रममा पशुजन्य उत्पादनको विविधिकरण गरी उप पदार्थ बनाई बिक्री वितरण गर्ने

खालका कार्यक्रमहरु पर्दछन् । यसमा दुध प्रशोधन, मासु प्रशोधन अण्डा संकलन तथा प्याकेजिङ जस्ता कार्यहरु गर्न इच्छुक कृषक समुह समिति सहकारी उद्योगी व्यवसायी संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन । यसमा भौतिक पुर्वाधार मेसीनरी सामानमा बढीमा ५० प्रतिशत र एक पटक प्रचार प्रसारको लागि बढीमा ३० प्रतिशत अनुदान दिइने छ बाकी संचालन खर्च र संचालन पुर्वका खर्चहरु स्वयं आवेकले लगानी गर्नु पर्ने छ । आवेदकलाई चाहिने आवश्यक पुर्वाधार र सामानहरुको विवरण बिस्तृत कार्ययोजनामा उल्लेख गर्नु पर्ने छ ।

(४) साना डेरी स्थापना संचालन र स्तरोनती कार्यक्रममा दैनिक १०० देखि २०० लिटर दुध संकलन गरी विक्री वितरण गर्न सक्ने क्षमता राख्ने व्यक्ति वा संस्थाहरुले साना डेरी  स्थापना गर्न र सो भन्दा माथि स्तरोन्नत्ति गरी ५०० लिटर दुध संकलन तथा बिक्री वितरण गर्ने क्षमता वृद्धि गर्न आवश्यक पर्ने भौतिक पुर्वाधार विकास र मेसीनरी सामानहरुमा बढिमा ५० प्रतिशत अनुदान दिन सकिनेछ । दुग्ध उत्पादन तथा विविधिकरण कार्यक्रममा लागत अनुदान सहभागी गराउने सामानहरु भौतिक पुर्वाधारहरु उद्योगको लागि आवश्यक भवन, पानी व्यवस्थापन, बिजुली, फोहर व्यवस्थापन मेसीनरी सामानहरु : मिल्क क्यान, मिल्कीङ मेसीन, मिल्क एनालाइजर, क्रीम सेपेरेटर, प्याकेजिङ मेसीन, डि फ्रिज, चिलिङ भ्याट, आइसक्रीम मेकिङ मेसीन, मिल्क पास्चुराइजर आदि । ढुवानी साधन, चिलिङ भ्यान, ह्वील व्यारो आदि ।

(५) डेरी पसल सुधार कार्यक्रम अन्तर्गत संचालन भइ राखेका डेरी पसलहरुलाई स्वस्थ र स्वच्छ दुग्ध जन्य पदार्थ उत्पादन गरी बिक्री वितरण गनै उद्देश्यका साथ गरिने कार्यक्रमहरु डेरी पसल सुधार भित्र पर्ने छन । त्यसका लागि डेरी पसल भित्रका मेसीनरी सामानको क्षमता अभिवृद्धि गरी सुधारका लागि मेसीनरी सामानमा ५० प्रतिशत र भौतिक पूर्वाधारमा ५० प्रतिशत अनुदान दिन सकिने छ तर दुग्ध उत्पादक सहकारी संस्था मार्फत संचालन भएका डेरी पसलहरुलाई अधिकतम ७० प्रतिशत सम्म अनुदान दिन सकिनेछ  ।

(६) चिस्यान केन्द्र स्थापना कार्यक्रममा कम्तीमा ३ दुग्ध संकलन केन्द्रको दुधलाई संकलन गरी मिल्क भ्यान मार्फत अन्य बजार वा दुग्ध वितरण आयोजनामा पठाउनको लागि दुधलाई गुणस्तर कायम राख्न चिस्यान केन्द्रको स्थापना गर्न आवश्यक पर्ने भौतिक पुर्वाधार विकासमा ५० प्रतिशत, चिलिङ भ्याटमा बढीमा ७० प्रतिशत र चिलिङ भ्यानमा ३० प्रतिशत अन्य आवश्यक मेसीनरी सामानमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

(७) डेरी उद्योग स्थापना संचालन र स्तरोनती कार्यक्रममा दुधबाट उत्पादन गरिने दुग्ध जन्य पदार्थ उत्पादन गरी बजारीकरण गर्ने उद्देश्यले स्थापना भएको डेरी उद्योगलाई आवश्यक पर्ने भौतिक पुर्वाधार र मेसीनरी सामानहरुमा ५० प्रतिशत अनुदानमा संचालन तथा स्तरोनती गर्न सकिने छ ।

(८) मासु पसल सुधार (राँगा खसी कुखुरा बंगुर माछा) कार्यक्रममा साना तथा ठुला बजारक्षेत्रमा खुद्रा मासु बिक्रीको लागि स्थापना भएका मासु पसलहरुलाई सुधार गरी स्वच्छ स्वस्थ मासु उपभोक्ताहरु बिक्री वितरण गर्न सुधार गरिने कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।यसका लागि आवश्यक मापदण्डले तोकेका भौतिक पुर्वाधार र मेसीनरी सामानहरुमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

(९) बधस्थल निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत बजार क्षेत्रमा स्वस्थ पशुपन्छी बध गरी खुद्रा मासु पसलहरुमा स्वच्छ मासु खुद्रा तथा थोक बिक्री गर्न र बजार क्षेत्रको जथाभावी पशु बध गर्ने कार्यलाइ निरुत्साहित गर्ने उद्देश्यले कम्तीमा दैनिक ५ देखि ५० सम्म खसी तथा बंगुर र १ देखि ५ सम्म राँगा बध गर्न सक्ने स्थानलाई बधस्थल भनिन्छ । सोका लागि आवश्यक पर्ने बाटो, भवन, पानी, बिजुली, तारबार, लगाएतको भौतिक पूर्वाधार निर्माण भेरी नगरपालिकाले गर्ने छ । पशुपन्छी बध गर्ने व्यवसायीहरुलाई ठुला तथा साना मेसीनरी सामानहरु र आवस्यक औजारमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

(१०)बधशाला निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत यस भेरी नगरपालिकाको स्वीकृतिमा आधुनिक स्तरको पशु बधशाला निर्माण गर्न वातावरणीय प्रभाव मुल्यांकनबाट अनुकुल हुने स्थान वा क्षेत्रमा यस्ता खालका ठुला तथा साना पशु बधसाला निर्माण गर्न भौतिक पूर्वाधार बढीमा ५० प्रतिशत र मेसीनरी सामानहरुमा बढीमा ५० प्रतिश सम्म अनुदान दिन सकिने छ। तर वातावरणीय प्रभाव मुल्याकन अनिवार्य गर्नु पर्ने हुन्छ ।

(११)मासु प्रशोधन केन्द्र स्थापना कार्यक्रम अन्तर्गत स्वस्थ र स्वच्छ मासुलाई प्रशोधन गरी मासु जन्य पदार्थ उत्पादन र बजारीकरण गर्ने स्थानलाइ मासु प्रशोधन केन्द्र भनिन्छ । यसका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारमा बढीमा ५० प्रतिशत, मेसीनरी सामानमा बढीमा ६० प्रतिशत र पहिलो पटक प्रचार प्रसारका सामाग्री हरुमा बढीमा ३० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ प्राविधक कर्मचारी र उत्पादनका लागि आवश्यक कच्चा पदार्थ स्वयम लगानीकर्ताले लगानी गर्नु पर्नेछ ।

(१२)ऊन उत्पादन संकलन प्रशोधन र बजारीकरण अन्तर्गत ग्रामिण क्षेत्रमा उत्पादन भएको ऊन संकलन, प्रशोधन गरी ऊन तथा ऊनजन्य वस्तु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्नका लागि ऊन प्रशोधन केन्द्र लागत सहभागितामा स्थापना र संचालन गर्न सकिनेछ सो का लागि भौतिक पुर्वाधारमा बढीमा ५० प्रतिशत र मेसीनरी सामानमा ६० प्रतिशत सम्म अनुदान दिन सकिने छ ।

(१३)पशु श्रोत केन्द्र स्थापना अन्तर्गत कुनै एक क्षेत्रमा रहेका पशुहरुलाई सो क्षेत्रको पहिचान झल्कने गरी एक श्रोतकेन्द्र वा पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न निम्न बमोजिमका पशु श्रोत केन्द्र संचालन गर्न सकिनेछ ।

**क) प्रबर्द्धनात्मक पशु श्रोत केन्द्र :**

श्रोत केन्द्रमा पशु जनघनत्वको आधारमा सबैभन्दा बढी भएका वा गुण र दोष का आधारमा पहिचान भएका पशुहरुलाई प्रवर्द्धन विकास गरी सो क्षेत्र सोही पशुको श्रोत हुने किसीमले कार्यक्रम संचालन गरिन्छ र सो पशु संग आबद्ध अन्य व्यवसाय पनि संचालन गर्न सकिने छ । जस्तै गुणको श्रोत वोयर बाखा र दुध उत्पादनका लागि गाइ भैसी क्षेत्र आदि

**ख) संरक्षणात्मक पशु श्रोत केन्द्र:**

श्रोत केन्द्रमा जैविक गुणले महत्वपूर्ण भएका तर हाल जन घनत्व घट्दो क्रममा रहेका पशुहरुको संरक्षण गर्नका लागि कार्यक्रम संचालन गर्न सकिने छ जस्तै स्थानिय लिमे, पारकोटे भैसी, खैला गाई भेडा, बाखा, स्थानीय कुखुरा, स्थानीय बंगुर आदि ।

**५. गरिबी न्युनिकरणका लागि संचालन गरिने आयआर्जन तथा जीविकोपार्जन सम्बन्धी विशेष कार्यक्रमको मापदण्ड सम्बन्धी व्यवस्था:**

(१) यस कार्यविधि अन्तर्गत न्यून आय भएका अति गरिब एकल महिला, तथा अति गरिब विपन्न वर्गका सबै जात जातिका कृषकहरुलाई अनुदानमा गरिने क्रियाकलाप र मापदण्डहरु अनुसार गरिब कृषक छनौट गर्दा आफ्नै उत्पादनले ३ देखि ४ महिना सम्म मात्र खाना पुग्ने ४ रोपनी भन्दा कम जमिन भएका एकाघर, संगोलका कुनैपनी सदस्यको उद्योग, व्यापार, व्यवसाय, रोजगारी आर्थिक आम्दानीको श्रोत नभएका घरधुरीका २० देखि ५० बर्ष उमेर समुहका जीविकोपार्जन व्यबसाय गर्न ईच्छुक कृषकहरुलाई समेटेर समुहगत कार्यक्रम संचालन गर्ने ।

## जीविकोपार्जन अनुदानका क्रियाकलाप र मापदण्डहरु :-

| **बिषयगत व्यबसाय बिबरण** | **अनुदानमा समाबेश गरिने कार्यक्रमहरु** | **कार्यक्रम खर्च सहयोगको परिधि** | **कैफियत** |
|---|---|---|---|
| बाखा पालन | खोर निर्माण सुधार, तालीम, बाखा, बोका बितरण, घाँसको बिउ, बिरुवा, आन्तरिक परजिबि बाह्य परजिबी नियन्त्रण, खोप, बिमा, सुचना बोर्ड | स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि एक जना कृषकलाई ३ वटा बाखा, समुगत बोका, र खोर निर्माणमा प्रति माउ बाखा रु.२००० का दरले दिने | समुहमा बस्ने व्यक्ती बाखा पालन गर्न इच्छुक स्वस्थ्य निरोगी र शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने |
| बंगुर पालन | खोर निर्माण सुधार, तालिम, बंगुरका पाठी, बिर बितरण, घाँसको बिरुवा, आन्तरिक परजिबि बाह्य परजिबी नियन्त्रण, खोप, बिमा, सुचना बोर्ड | स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि एक जना,कृषकलाई ३ वटा पाठी,सामुहिक,माउको अनुपातमा बिर, र खोर निर्माणमा प्रति माउ रु.२००० दरले दिने । | समुहमा बस्ने व्यक्ती बंगुर पालन गर्न इच्छुक स्वस्थ्य, निरोगी र शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने |
| कुखुरा पालन | खोर निर्माण सुधार,तालीम, डिवल प्रपोजका वा लेयर्स जातका कुखुराका ८ हप्ते चल्ला, दानापानी खाने भाँडा, आन्तरिक परजिबि बाह्य परजिबीका औषधी, दाना सुचना बोर्ड | स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि एक जनालाई २५ वटा चल्ला खोर निर्माणमा प्रति कुखुरा रु. ३०० का दरले दिने । एक पटकको लागी १५ किलो दाना | समुहमा बस्ने व्यक्ती कुखुरा पालन गर्न इच्छुक स्वस्थ्य निरोगी र शारीरिक तन्दुरुस्ती भएको हुनु पर्ने |
| **द्रष्टव्यः-** जिबिकोपार्जनको लागि न्यून आय भएका कृषकहरु सम्बन्धित वडाहरुले कार्यविधिको ५ को उपदफा १ बमोजिम मा उल्लेख भए बमोजिम छनौट गरि सम्बन्धित वडा कार्यालयहरुले सिफारिस गर्नु पर्नेछ । | | | |

## ६. साना किसान सहुलियत अनुदान कार्यक्रम संचालन सम्वन्धी व्यवस्था :

(१) भेरी नगरपालिका भित्र गाई, भैसी, भेडा, बाखा, बंगुर, कुखुरा पालन व्यवसाय गरीरहेका छरिएर रहेका साना कृषकहरुलाई समुहमा आवद्ध गराई, कृषकको पशुधनको सुरक्षालाई विशेष जोड दिदै अनिवार्य बिमा र उत्पादनलाई व्यवसायिक तथा बजारमुखी बनाउन भेरी नगरपालिका पशुपन्छी शाखाबाट अनुदानका निम्न कार्यक्रमहरु संचालन गरिने छन् ।

# साना किसान सहुलियत अनुदान आयआर्जन कार्यक्रम सम्बन्धी मापदण्ड

| **बियगत ब्यबसाय बिबरण** | **अनुदानमा समाबेश गरिने कार्यक्रमहरु** | **कार्यक्रम खर्च सहयोगको परिधि** | **कैफियत** |
|---|---|---|---|
| गाई भैसी को, भकारो सुधार, र कम्पोष्ट खाडल, मुत्र संकलन खाडल निर्माण | समुह गठन,गोठ तथा भकारो सुधार, समुहका सदस्यहरुले जर्सी गाई २ वटा,वा भैसी २, वा जर्सी गाई र भैसी गरेर २ वटा कम्तीमा पालेको हुनु पर्ने छ। भने ठुला गोरु एक हल सम्म पालेको हुनु पर्ने छ। | **स्वस्फुर्त रुपमा वा पशुपन्धी शाखाको कार्यक्रम अनुसार गठन भएका तथा व्यक्तिगत व्यवसाय दर्ता गरेका तथा अन्य कृषकहरुलाई स्वीकृत कार्यक्रमको परिधि भित्र रहि,**<br>**१) प्रति एक पशुको रु.७५०० का दर ले टिनको छाना सहितको भकारो सुधारमा अनुदान दिन सकिने।**<br>**२) जोत्ने गोरु एक हलको लागि रु.१०,०००। मात्र दिन सकिने।** | (१) गोठमा राख्ने पशुको अग्रीम बिमा गरेका,कागजात सम्बन्धित शाखामा पेश गर्नु पर्ने।<br>२) बारी कान्लामा लगाएको डाले घाँस,बहुबर्षिय उन्नत भुँइ घाँसले कम्तिमा २ महिना आहारा पुग्ने हुनु पर्ने<br>(३) पशुपन्छी शाखाको प्राबिधिकको इस्टमेट डिजाईन अनुसार भकारो निर्माण गर्नु पर्ने। |
| बंगुर,बाख्रा, कुखुराको खोर सुधार तथा | समुह गठन,गोठ तथा खोरसुधार,१ बर्ष उमेर पुगेकामाउ बाख्रा,भेडा ७ वटा, माउ बंगुर ५वटा र कुखुरा माउ स्थानिय १५०वटा माथी, डिवल प्रयोजनका कुखुरा २०० वटा भन्दा माथी,लेयर्स कुखुरा कम्तीमा ३०० वटा भन्दा माथी | स्वस्फुर्त रुपमा वा पशुपन्छी शाखाको कार्यक्रम अनुसार गठन तथा व्यक्तीगत व्यबसाय दर्ता गरेका कृषकहरुलाई स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि,प्रति माउ बाख्रा, बंगुर रु.२०००। कुखुराको रु३००। का दरले अनुदान दिन सकिने। | (१)बिमा गरेका कागजात सबन्धीत शाखामा पेश गर्नु पर्ने।<br>(२) बारी कान्लामा लगाएको डाले घाँस, बहुबर्षिय उन्नत भुँइ घाँसले कम्तिमा २ महिना आहारा पुग्ने हुनु पर्ने ३)पशुपन्छी शाखाको प्राबिधिकको इस्टमेट डिजाईन अनुसार खोर निर्माण गर्नु पर्ने। |
| स्वच्छ दुग्ध उत्पादन | दुध संकलन केन्द्र स्थापना र मिल्कक्यान, लगाएतका सामग्री वितरण | स्वस्फुर्त रुपमा वा पशुपन्छी शाखाको कार्यक्रम अनुसार गठन भएका तथा व्यक्तिगत व्यबसाय दर्ता गरेका कृषकहरुलाई स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि,साना दुग्ध संकलन, केन्द्र स्थापना मिल्क क्यान, दुध दुहुने, भाँडा प्रति, पशु १ किलो खनिज, जुकाको, औषधी सिजन अनुसार पोषिला घाँसको बिउ<br>बिरुवा निशुल्क र स्थलगत तालिम दिने | (१)संकलन केन्द्रको मापदण्ड अनुसार ताजा,सफा,स्वच्छ दुध नियमित संकलन केन्द्रमा लैजाने र पशुहरुको बिमा गरेका उत्कृष्ट कृषकहरुलाई संकलन केन्द्रको सिफारिस र बिमा गरेका कागजात अनुसार मुल्याँकन गरेर सामग्री वितरण गरिने। |
| दुध,मासु कोउत्पादन बृद्धि गर्न नश्ल सुधार | राँगो, साँढे, बोका र बीर बितरण | स्वस्फुर्त रुपमा वा पशुपन्छी शाखाको कार्यक्रम अनुसार गठन भएका समुह तथा व्यक्तीगत व्यबसाय दर्ता गरेका कृषकहरुलाई स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि, माउ बाख्राको अनुपातमा, हावापानी सुहाउँदो उन्नत जातको बोका कार्यबिधि अनुसार उपलब्ध गराउने। | नियमित माउ बाख्रा, ठुला माउ पशुहरुको अनिबार्य बिमा गरेको र प्राबिधिक मापदण्ड पुरा गरि निर्माण गरेका ब्यबस्थित, गोठ, खोरको पुर्बाधार प्रजनन रेकर्ड, डाले घाँस, भुँई घाँस लगाईएको मापदण्डका आधारमा मुल्याँकन गरिने। |

| | | | |
|---|---|---|---|
| कृत्रिम गर्भाधान सेवा | उन्नत राँगो,साँढे,बोयर बोकाको बिर्य नियमित भण्डारण | स्वस्फुर्त वा पशुपन्छी शाखाको कार्यक्रम अनुसार गठन भएका पशुपालन समुहका कृषक र व्यवसायीक पशुपालन फार्म दर्ता गरेका वा समुह भन्दा बाहिर छरिएर रहेका पशुपालन कृषकहरुका गाई, भैसी, बाखाहरुलाई साँढे, राँगो,बोकाको बिकल्पमा कृ.ग.गर्ने । | (१) कृ.ग. गरिने पशु मोटर बाटो पुगेको ठाउ देखी १ किलो मिटरको दुरी भित्र हुनु पर्ने ।<br>(२) सिमेनको रकम कार्यबिधिमा तोकीए अनुसार कृषकले व्यहोर्नु पर्ने । |
| आहारा व्यवस्थापन तथा चरण क्षेत्र बिकास | हाते च्यापकटर, तथा बिद्युतीय घाँस काटने मेसिन,घाँसकोबिरुवा,सिजन अनुसारका पोषीला घाँसका बिरुवा, सिचाई गर्ने पाईप आदि | (१)स्वस्फुर्त रुपमा वा पशुपन्छी सेवा शाखाको कार्यक्रम अनुसार गठन तथा व्यक्तीगत व्यबसाय दर्ता गरेका कृषकहरुलाई स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि, निजि बारी, कान्ला, निजि जमिन, रोडकोरीडोर छेउ छाउ र सामुदायीक प्रति जमिन मा हावापानी सुहाउदो डाले घाँस र अन्य बहुबर्षिय र सिजनल घाँसका बिउहरु निशुल्क उपलब्ध गराउने<br>(२) समुहमा च्यापकटरमा ७५र व्यवसायीक फार्महरुलाई बिद्युतिय घाँस काटने मेसिनमा ५०प्रतिशत अनुदान दिने ।<br>(३) चरण व्यबस्थापनको लागी आली कान्ला बाहेक निजि २ रोपनी जमिनमा चरण बिस्तार गर्नको लागी २५० मिटर, पोलेथिन पाइप र सामुदायीक चरण खर्क सुधार गर्न कम्तीमा १० रोपनी क्षेत्रफलको लागी ५००मिटर पोलेथिन पाइपमा ७५ प्रतिशत अनुदानमा दिने । | (१) घाँस बिकास गर्न कृषकहरु समुह व्यक्तीगत फार्म दर्ता गरेका हुनु पर्नेछ ।<br>(२)निजि जमिनमा घाँसबिकास गर्ने कृषक ले कित्ता नं उल्लेख गरि समुहको निर्णय र सम्बन्धीत वडा कार्यालयको सिफारिस हुनु पर्ने छ । भने घाँस लगाउँदा कृषक आफैले श्रमदान गर्नु पर्ने छ । |
| डिपिङ टचाङ्गी निर्माण | प्राबिधिक तथा डिपिङ टचाङ्गीको नक्सा र आर्थिक सहयोग | (१) कम्तीमा ३०००देखी माथि भेडा, बाखालाई एक दिनमा सेवा दिन सक्ने सबैलाई पायक पर्ने पानीको सुबिधा भएको सार्बजनीक स्थान मा सिमेन्टको बातावरणीय प्रभाबलाई असर नपर्ने सार्बजनिक स्थानमा स्वीकृत कार्यक्रमकको परिधि भित्र रहि स्टीमेटको ८५ प्रतिशत सम्म आर्थिक अनुदान दिन सकिने छ ।<br>(२) एक दिनमा २५० देखी माथीको संख्यामा भेडा, बाखा डिपिङ हुने वडाका गाउँ बस्तीका कृषकहरुलाई ८५प्रतिशत सम्म प्लाष्टिक (फाइवर)को डिपिङ टचाङ्गीमा अनुदान दिन सकिने । | (१) सिमेन्टको डिपिङ टचाङ्गी निर्माण गर्न सार्बजनीक ठाउको लागी सम्बन्धित वडा कार्यालयले वडा बाट निर्णय गरेर सिफासि गरेको हुनु पर्ने छ<br>(२) समुदायले अग्रीम १५ प्रतिशत रकम खातामा जम्मा गरेको हुनु पर्ने । |

द्रष्टव्य-(१)यो कार्यबिधि निर्देशिका अनुसार जुन सुकै अनुदानका सेवा लिने कृषकले नियमित आफना पशुहरुको बिमा गरेको हुनु पर्ने छ र बिमा गरेका कागजातहरुका छाया प्रतिहरु आर्थिक बर्षको सुरु महिना श्रावन देखी कार्तिक मसान्त सम्म निबेदन साथ पशुपन्छी शाखा र शाखाका केन्द्रहरुमा पेश गर्नु पर्नेछ ।
(२) अनुदान तथा सहुलियत अनुदान कार्यक्रम संचालनको लागि आगामी बर्षको योजना तर्जुमा गर्ने क्रममा वडा स्तरबाट योजना छनौट भई आउनु पर्ने वा समुहहरुले आवश्यकताको आधारमा समुह बैठकमा व्यापक छलफल गरि निर्णय गरेर र व्यक्तीगत व्यवसायिक फार्महरुले आवश्यकताको आधारमा भेरी नगरपालिका पशुपन्छी शाखामा योजना तर्जुमा हुनु भन्दा अगाडी निबेदन दिनु पर्ने छ ।

**७. रेबिज खोप सहुलियत कार्यक्रम सम्बन्धी व्यवस्था :**

(१) रेबिज खोप अनुदानको लागी पशुहरुको अग्रीम बिमा गरेको हुनुपर्ने छ ।

(२) न्यून आय भएका साना किसानका एकै घरका ३ वटा भन्दा बढी पशु वस्तुहरुलाई एकै वा ३ दिनको अवधि भित्र संकास्पद बहुला कुकुर र स्यालले टोकेको भए त्यस्ता कृषकका पशुलाई चलन चल्तीको मुल्यमा ७५ प्रतिशत सम्म छुट दिएर सहुलियत अनुदानमा पशुपन्छी शाखाले रेबिज खोप उपलब्ध गराउने छ । अनुदान प्राप्तिको लागि निवेदन साथ पशुहरुको अग्रीम बिमा दिन गरेका प्रमाणका फोटोकपी र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्ने छ ।

(३) कृषकहरु समुहमा आवद्ध भई पशुपन्छी शाखामा दर्ता भएका समुह भित्रका किसानले पालेका पशुहरु लाई शंकास्पद बहुला कुकुर वा स्यालले ३ दिन भित्रको अवधि भित्र ५ वटा भन्दा बढी पशुहरुलाई टोकेको भए चलन चल्तीको मुल्यमा ५० प्रतिशत छुट अनुदानमा पशुपन्छी शाखाले रेबिजको खोप उपलब्ध गराउने छ । अनुदान प्राप्तिको लागि निवेदन साथ समुहको बैठकले सिफारिस गरेका निर्णयको फोटोकपी, पशुहरुको अग्रीम बिमा गरेका प्रमाणका फोटोकपी र सम्बन्धित वडाकार्यालयको सिफारिस पत्र पेश गर्नु पर्ने छ ।

**८. पशुको कृत्रिम गर्भाधारण सेवा सम्बन्धी व्यवस्था :**

(१) यो कार्यबिधि अन्तर्गत ब्याडे राँगो, साँढे र बोकाको विकल्प आधुनिक तरिका बाट मुर्रा राँगो, जर्सी साँढे र बोयर जातको बोकाको शुद्ध वीर्य कृत्रिम गर्भाधानको प्राविधिकद्वारा पशुहरुलाई गर्भिनी बनाई वर्ण शंकर पशुहरुको संख्यामा उल्लेख्य बृद्धि गरि दुध र मासुको उत्पादन उत्पादकत्व बढाई कृषकको आयस्तरमा बृद्धि गर्ने उदेश्यले कृतिम गर्भाधान सेवालाई समायानुकुल संचालन गर्न शाखाको जनशक्तिले मात्र नपुग्ने भएकाले प्राईभेट क्षेत्रका बेरोजगार पाराभेटहरुलाई समेत तालीम दिई कृत्रिम गर्भाधान कार्यलाई तीब्रता दिइने । यस्ता प्राइभेट पाराभेटहरुलाई कार्यबिधि निर्देशिकामा तोकिए बमोजिमको सेवा सुबिधा उपलब्ध गराउने । कृ.ग. गरि सकेपछि प्राविधिक वा पाराभेटहरुले चौमासिक रुपमा पशुधनी र सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यको सिफारिस शाखामा पेश गर्नु पर्ने । एक पटक कृ.ग.गरेपछि उल्टिनेको हकमा पुन: कृ.ग. गर्नु पर्ने छ । कृ.ग. गर्दा अभियानमा बाहेक अन्य समयमा कृषकबाट वीर्यको रकम लिईने छ ।

**९. पशु स्वास्थ्य तथा उपचार सेवा सम्बन्धी व्यवस्था :**

(१) यो कार्यबिधि अनुसार पशु पन्छी शाखाबाट भेरि नगरपालिका भित्र कृषकले पालेका शुपन्छीहरु मा छिटफुट रुपमा देखिने सरुवा रोगहरु र महामारीको रुपमा देखा पर्ने पशुपन्छी तथा मत्स्यका रोगहरुको रोकथाम तथा उपचार गरि पशुपन्छीको स्वास्थ्यलाई सुधार गरि स्वस्थ र निरोगी पशुपन्छीहरुको उत्पादन बढाउन निम्न कार्यक्रमहरु संचालन गरिने छन् ।

**(क) पशु स्वास्थ्य सिविर संचालन कार्यक्रम:**

कृषकको गाउँ बस्ती स्तरमा बढी भन्दा बढी पशुवस्तुहरुलाई सेवा दिने उद्देश्ले केन्द्र तोकी पशुपन्छीको स्वास्थ्य परीक्षण, उपचार, औषधी वितरण र पशुपालन सम्बन्धी विभिन्न प्राविधिक परामर्श गर्ने । पशुपालनका विविध विषयमा चेतनामूलक पोष्टर, पम्पलेट, बुकलेटको निशुल्क वितरण गरिने ।

**(ख) आकस्मिक उपचार सेवा कार्यक्रम :-**

नगरपालिका भित्र आकस्मिक रुपमा देखिने पशुहरुका संक्रामक सरुवा रोगहरु तथा महामारी जन्य रोगहरुको रोकथाम र नियन्त्रण गर्न आवश्यक औषधी कोष स्थापना गर्ने । आवश्यकता अनुसार नि:शुल्क उपचार तथा औषधी वितरण गर्ने छ । तर महामारी जन्य संक्रामक रोगहरु फैलिएको अवस्थामा पशुको खोप संचालन गर्ने र महामारी रोग नियन्त्रण भन्दा बाहिर गए सहयोगको लागि जिल्लाको पशु अस्पताल तथा पशु सेवा कार्यालय, प्रदेश सरकार, संघीय सरकारका सम्बन्धित मन्त्रालयहरुसंग समन्वय गरि रोग नियन्त्रणमा लिने ।

**(ग) घुम्ती पशु उपचार/घुम्ती क्लिनिक सेवा कार्यक्रम :-**

पशुहरुको जनघनत्व तथा प्राविधिक दृष्टिकोणले आवश्यकता भएका वडा तथा गाउँ बस्तीहरुमा ३ देखि ५ दिन सम्मको घुम्ती पशु स्वास्थ्य क्लिनिक संचालन गर्ने । घुम्ती क्लिनिकमा पशु वस्तुको गोबर परीक्षण, थुनेलो, परीक्षण, चर्मरोग सम्बन्धी छाला परिक्षण, भाले पशुको बन्ध्याकरण लगाएतका आधारभूत स्वास्थ्य परीक्षण, उपचार, औषधी वितरण र विभिन्न सरुवा रोगहरुको खोप गरिने छ । घुम्ती क्लिनिक सेवाको अवधिमा नियमानुसार पशु पन्छीको रजिष्ट्रेशन शुल्क लिई पुर्जिकाटेर चेक जाँच गर्ने र आधारभूत औषधीहरु निशुल्क वितरण गर्ने,

**(घ) टेली मेडीसन सेवा कार्यक्रम :-**

भौगोलीक विकटताले गर्दा पशु वस्तुहरुको उपचार गर्न गराउन नगरका पशु स्वास्थ्य केन्द्रहरु टाढा रहेको अवस्थामा र पशु स्वास्थ्य प्राविधिकहरुको पहुँच नपुग्ने गाउँ ठाउँका कृषकहरुले आफ्ना पशुपन्छी बिरामी हुँदा र कतिपय समस्याहरु गाउँ घरमै घरेलु उपचार विधिबाट समयमानै आफैले साधारण उपचार गरि समस्याको समाधान गरेर पशुधनको क्षेतिलाई कम गर्न सकिने भएकाले र पशुपालनका अन्य विविध विषयमा टेलीफोन मार्फत परामर्श गरि समयको बचत गरेर पशुपन्छी जन्य उत्पादनमा समय दिन सकिने भएकाले यो टेलीमेडिसन सेवा किसानको लागि लाभदायक हुने भएकाले टेली मेडीसन सेवालाई आवश्यकता अनुसार संचालन गर्ने ।

**१०.पशु सेवा तालिम, गोष्ठी तथा प्रचार प्रसार सेवा सम्वन्धी व्यवस्था :**

(१) यो कार्यबिधि अनुसार पशुपन्छी सेवा शाखाबाट भेरि नगरपालिका भित्र वार्षिक कार्यक्रममा निम्न कार्यक्रमहरु संचालन गर्न ।

**(क) स्कुल प्रसारण शिक्षा कार्यक्रम :-**

स्कुल प्रसारण शिक्षा नगरपालिका भित्रका माध्यामिक, निम्न माध्यामिक विद्यालयहरुमा विद्यालय संचालन भएको समयमा कुनै एउटा कक्षाका विद्यार्थी र शिक्षकहरुलाई मानव स्वास्थ्यमा असर पार्ने पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्न सक्ने संक्रामक जुनोटिक रोगको बारे जानकारी गराउँदा प्रभावकारी हुने भएकाले स्कुल प्रसारण शिक्षालाई विशेष जोड दिई कार्यक्रमहरु संचालन गर्ने ।

**(ख) जुनोटिक रोग सम्बन्धी गोष्ठी कार्यक्रम:-**

नगरपालिका तथा वडा स्तरमा एक दिने जुनोटिक रोग सम्बन्धी गोष्ठी संचालन गरिनुका साथै विभिन्न जनचेतनामूलक क्रियाकलाहरु गर्ने ।

**(ग) कृषक तालिम कार्यक्रम:-**

नगर पशुपन्छी सेवा शाखामा दर्ता भएका पशुपन्छी पालनमा संलग्न कृषक समुह, व्यवसायिक फार्म, मासुपसल, दुग्ध पसल, पशुपन्छी जन्य पदार्थको व्यवसायी उद्यमीहरु तथा पाराभेट, ग्रा.प.स्वा.का पशु स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार बढीमा एक हप्ते अवधि सम्मका तालिमहरु कार्यक्रममा समावेश गरि नगरपालिका स्तर र स्थलगत तालिम संचालन गर्ने

**(घ) कृषक तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रमः-**
नयाँ-नयाँ प्रविधिहरुको आदान प्रदानको लागि उत्कृट अगुवा कृषक, कृषक व्यवसायी, उद्यमी, प्राविधिक कर्मचारीहरुको अन्तर नगरपालिका र अन्तर जिल्ला स्तरका अध्ययन अवलोकन भ्रमणका कार्यक्रम संचालन गर्ने ।

**(ङ) पशु सेवाका प्राविधिकहरुलाई तालिम कार्यक्रमः-**
पशु शाखा, केन्द्रमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसार समय समयमा विभिन्न विषय वस्तुबारे ज्ञान सीप हासिल गर्न तालिमको व्यवस्थापन गर्न प्रदेश र संघका तालिम केन्द्रहरुसंग सहकार्य गर्ने र आफ्ना सालबसाली कार्यक्रममा तालिम कार्यक्रम समावेश गर्ने ।

**११.प्रोत्साहन तथा पुरस्कार कार्यक्रम संचालन सम्बन्धी व्यवस्था :**

(१) नगर भित्रका पशुपन्छी पालन तथा मत्स्य पालन गर्ने पशुपन्छी जन्य पदार्थको उत्पाकत्व बढाउन र रोजगारमुखी व्यवसाय संचालन गरेका उत्कृष्ट कृषक, व्यवसायी, उद्यमी र पशुहरुको स्वास्थ्य संरक्षणमा बिशेष योगदान पुऱ्याउने पाराभेट, पशु स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन स्वरुप निम्न क्रियाकलाप गर्ने ।

(क) नगर पशुपन्छी शाखामा समुह, व्यवसायिक फार्म दर्ता गरी व्यवस्थित बाख्रा पालन गर्ने गरि प्राविधिक मापदण्ड र कार्यविधिको मापदण्ड पुरा गरि बाख्राको सुधारिएको खोर निर्माण गरेको, माउ बाख्रा र ब्याडको बोकाको अनिवार्य बिमा गरेको कागजात र मुल्याँकनको आधारमा पशुपन्छी शाखाले, जुकाको र बाह्य परजीविको औषधी निःशुल्क उपलब्ध गराउने ।

(ख) नगर पशुपन्छी सेवा शाखामा दर्ता भएका कृषक समुह/व्यवसायिक फार्म संचालन गरेका कृषकहरुले प्राकृतिक गर्भाधानको लागि उन्नत राँगो, साँढे, बोका पालन गरेर अनिवार्य बिमा गरेर प्राकृतिक गर्भाधानको रेकर्ड राखी व्यवस्थित गरेका कृषकहरुलाई प्रोत्साहन स्वरुप भेरी नगरपालिका पशुपन्छी शाखाले वार्षिक राँगो, साँढेको रु.५०००।, बोकाको रु.२०००। सहित उत्कृष्टताको प्रमाण पत्रका साथै वर्षमा एक पटक राँगो, साँढेलाई २ किलो र बोकालाई १ किलो खनिज भिटामिन र वर्षमा २ पटक जुकाको औषधी निःशुल्क दिने ।

(ग) प्रोत्साहन स्वरुपको सेवा सुविधा लिने कृषकले गाई, भैसी, बाख्री गर्भिनी भएको ३ महिना पुगेपछि राँगो, साँढे, बोका पालेको रेकर्ड र प्राकृतिक गर्भाधानको रेकर्ड सहित (वडाको सिफारिस साथ पशुपन्छी शाखा र शाखाका केन्दहरुमा जानकारी दिनु पर्नेछ । तोकिएको समय पछी विवरण पेश गर्ने कृषकहरुलाई उल्लेखित प्रोत्साहन सेवा सुविधा दिन सकिने छैन ।

(घ) कानुनी प्रक्रिया पुरा गरि नगरपालिका पशुपन्छी सेवा शाखामा दर्ता गरि डाले घाँस, बहुबर्षिय भुँई घाँसको नर्सरी स्थापना गरि नर्सरीमा नयाँ-नयाँ जातका र रैथाने जातका पोषिला डालेघाँस, बहुवर्षिय भुँई घाँसको व्यवस्थित नर्सरी गरि कृषकलाई गुणस्तरीय बिउ, बिरुवा उपलब्ध गराए वापत उत्कृष्ट कृषक छनौट गरि पशुपन्छी शाखाले प्रोत्साहान स्वरुप वार्षिक नगद रु.५०००। र उत्कृष्टताको प्रमाण पत्र उपलब्ध गराउने ।

(२) नगर भित्रका पशुपन्छी पालन तथा मत्स्य पालन गर्ने पशुपन्छी जन्य पदार्थको उत्पादकत्व बढाउन र रोजगारमुखी व्यवसाय संचालन गरेका उत्कृष्ट कृषक, व्यवसायी, उद्यमी र पशुहरुको स्वास्थ्य संरक्षणमा विशेष योगदान पुऱ्याउने पाराभेट, पशु स्वास्थ्यकर्मीहरुलाई पुरस्कार स्वरुप निम्न क्रियाकलाप गर्ने ।

(क) भेरी नगरपालिका पशुपन्छी शाखामा दर्ता भएका पशुपन्छी पालन गरेका कृषक समुह/व्यवसायिक फार्म मासु पसल, दुध डेरी पसल, दुध संकलन केन्द्र, पशुन्छी संकलन केन्द्र, एग्रोभेट तथा पशुपन्छी जन्य पदार्थको व्यवसायिक उद्योग संचालन गरेका व्यवसायीहरुको उचित मुल्यांकन गरि सम्मान स्वरुप पुरुस्कारको व्यवस्था गर्ने ।

(ख) भेरी नगरपालिका पशुपन्छी शाखामा दर्ता भएका कृषक समुह/व्यवसायिक फार्म मासु पसल, दुध डेरी पसल, दुध संकलन केन्द्र, पशुन्छी संकलन केन्द्र तथा पशुपन्छी जन्य पदार्थको व्यवसायिक उद्योग, एग्रोभेट संचालन गरेका कृषकहरुले गरेको व्यवसाय अनुसार सुधारिएको गोठखोर,पानी खाने स्थान तथा डुँडको व्यबस्थापन, व्यवस्थित बँधुवा प्रणाली अपनाएको व्यवसायलाई सफल बनाउने विभिन्न रेकर्डहरुको व्यवस्थापन, सरसफाई, तथा व्यवसाय संचालन गर्दा जैविक सुरक्षाका आधार र वातावरणीय प्रभाव अनुकुलन भए नभएको, आफुले पालेका पशुपन्छीहरुको नियमित

बिमा गरेको, घाँस खेती गरेका लगाएतका मापदण्डको आधारमा मुल्याँकन गरि उत्कृष्ट, व्यवसायी र समुहहरुलाई स्वीकृत कार्यक्रम अनुसार पुरुस्कृत गर्ने ।

(ग) नगरपालिका भित्र स्थायी बसोबास गरेका पशुपालन सम्बन्धी जेटी, जेटिए अध्ययन गरि आफनै गाउँमा व्यवस्थित व्यवसायिक पशुपालन गरेका र पशु औषधी पसल गरि कृषकहरुलाई उचित सेवा सुविधा दिएका लोकप्रिय व्यक्तिहरुलाई उचित पुरुस्कारको व्यवस्था गर्ने ।

**१२.नगरपालिकाको पुशपन्छी शाखाद्वारा प्रवाह गरिने प्राविधिक सेवा तथा आर्थिक मापदण्ड :**

(१) नगर क्षेत्रभित्र प्राविधिक सेवा प्रवाहका सम्बन्धमा निम्नानुसार आर्थिक मापदण्ड तयार गरिएको छ ।

| सि नं. | विवरण | व्याख्या | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १ | पशुपन्छी सेवा शाखा संग सम्बन्धी बिभिन्न तथ्यांक संकलन | कर्मचारी खटेमा तोकिए बमोजिम दै.भ्र.भ.र करारबाट तथ्यांक संकलन गरेमा चौथो तहको एक दिनको त.भ. अनुसार | नेपाल सरकारले तोकेको प्रचलित आर्थिक नर्मस अनुसार |
| २ | समुह गठन तथा परिचालन | गठन मसलन्द | प्रति समुह रु १५०० |
| | | खजा | प्रति व्यक्ती रु २०० |
| ३ | फिल्ड अनुगमन तथा भ्रमण | खटिएको कर्मचारीले पाउने दैनिक भ्रमण तथा अनुगमन भत्ता | (१)शाखा/कार्यालय स्थान देखि ६ कोष टाढाका वडामा जाँदा नेपाल सरकारले तोकेको आर्थिक नर्मस अनुसार दैनिक भ्रमण भत्ता पाउने ।<br>(२) ६ कोष भन्दा कम दुरी भएका वडामा एकै दिनमा गएर फर्किन सकिने र बिशेष अवस्थाका अनुगमन जस्तै पशुपनछी पालन फार्म,मासु पसल, डेरीपसल, बधस्थल एग्रोभेट, दाना पसल लगाएत बिभिन्न कार्यक्रम अनुगमन गर्न जाँदा अनुगमन गर्न गएको दिनको भत्ता रु.१५००। र खाजा र खाना बापत रु. ५०० |
| ४ | कृत्रिम गर्भानका सेवा | कृत्रिम गर्भाधान गर्न गाउँमा खटीने प्राविधिकको सेवा सुबिधा | (१) ठुला पशु गाई भैसी कृ.ग.गरे बापत प्रति पशु रु ७००।<br>(२) साना पशु बाख्रा रु २००। |
| ५ | प्याकेज कार्यक्रम संचालन | आवश्यक सुचना प्रकाशन | प्रति प्योकजको चालु खर्चको २ प्रतिशत |
| | | आवश्यक फाराम छपाई | |
| | | अन्य स्टेसनरी | |
| | | अन्य मसलन्द सामाग्री र प्रतिवेदन एकमुष्ट | |

| | | | |
|---|---|---|---|
| ६ | स्थलगत विषय विषयक तालिम१ दिने प्रतिदिन ३ शेषन | सहभागि स्टेसनरी | प्रति सहभागि रु ८० |
| | | खाजा | प्रति सहभागि,प्रशिक्षक रु २०० |
| | | अन्य मसलन्द सामाग्री र प्रतिबेदन एकमुष्ट | रु २५००० |
| | | प्रशिक्षक भत्ता कार्य पत्र सहित | (१) प्रतिकक्षा प्रशिक्षण अधिकृत स्तर रु १५००<br>(२) सहायक स्तर प्रशिक्षण रु१२०० |
| ७ | पुर्वव्यवसायिकरण पशुपालनका तालिमहरु ३ दिने प्रतिदिन ४ शेषन | सहभागि स्टेसनरी | प्रति सहभागि, रु ८० |
| | | खाजा | प्रति सहभागि प्रशिक्षक रु २०० |
| | | अन्य मसलन्द, सामाग्री, उद्घाटन,समापन र प्रतिबेदन समेत एकमुष्ट | रु ९००० |
| | | प्रशिक्षक भत्ता कार्यपत्र सहित | (१)प्रतिकक्षा प्रशिक्षण अधिकृत स्तर रु १५००<br>(२) सहायक स्तर प्रशिक्षण रु१२०० |
| ८ | व्यवसायिक तालिम ५ दिने प्रतिदिन ४ शेषन | सहभागी स्टेसनरी | प्रति सहभागि रु ८० |
| | | खाजा | प्रति सहभागिप्रशिक्षक रु २०० |
| | | अन्य मसलन्द, सामाग्री, उद्घाटन, समापन र प्रतिबेदन समेत एकमुष्ट | रु ११०००। |
| | | प्रशिक्षक भत्ता कार्यपत्र सहित | (१)प्रतिकक्षा प्रशिक्षण अधिकृत स्तर रु १५००<br>(२) सहायक स्तर प्रशिक्षण रु१२०० |
| ९ | औद्योगिकरण तालिम ६दिने प्रतिदिन ४ शेषन | सहभागि स्टेसनरी | प्रति सहभागि रु ८० |
| | | खजा | प्रति सहभागि प्रशिक्षक अधिकृत स्तर रु २०० |
| | | अन्य मसलन्द, सामाग्री, उद्घाटन,समापन र प्रमाण पत्र,प्रतिबेदन समेत एकमुष्ट | रु १२००० |
| | | प्रशिक्षक भत्ता कार्यपत्र सहित | (१)प्रतिकक्षा प्रशिक्षण अधिकृत स्तर रु १५००<br>(२) सहायक स्तर प्रशिक्षण रु १२०० |
| १० | ३ दिन देखी माथीका तालिमहरु नगरपालिका स्तर संचालन हुने | नगरपालिका स्तर कृषक तालीममा कृषक सुबिधाको निर्धारण दिन (१) आउने जाने २दिन र तालिम संचालन भएको दिन | (१) ६कोष भन्दा टाढा वडाका सहभागी कृषकहरुलाई प्रतिदिनको खाना तथा बास खर्च बापत रु८०० र फर्केको दिनको २५ प्रतिशत खाना खर्च मात्र पाउने ।<br>(२) जिल्लाको यातायात दररेट अनुसार आते जाते यातायात खर्च<br>(३)६ कोष भित्रको वडाका सहभागी कृषहरुले खाना खर्च बापत रु४०० पाउने ।<br>(४) ६कोष भित्रका कृषकहरुले जिल्लाको यात यात दररेट अनुसार खर्च पाउने । |
| ११ | १ र २ दिने तालीमहरु स्थलगत संचालन हुने | स्थलगत तालीम संचालनको कृषक सुबिधा | (१) स्थलगत तालिममा यातायातका साधन प्रयोग गर्नु पर्ने अवस्थाका सहभागीहरुलाई जिल्लाको यातायात दररेट अनुसार प्रतिदिनको आते जाते यातायात खर्च । |
| १२ | गोष्ठी अभिमुखि करण, सार्वजनि क सुनुवाइ एक दिने) | प्रति पटक | नेपाल सरकारले तोकेको प्रचलित आर्थिक नर्मस अनुसार |

| | | | |
|---|---|---|---|
| १३ | स्कुल प्रसारण शिक्षा एक दिने ४५मिनेट | नगरपालीका बाट कर्मचारी खटेर गए आते जाते यातायात खर्च र तोकिए बमोजिम दै.भ्र.भ., सम्बन्धीत वडा बाट खटेर गए याता यात खर्च | (१) कार्यपत्रको रु १००० (२)हैन्डआवटको रु५०० (३) खाजा खर्च एकमुष्ट रु १०००० (४)याता यात खर्च आते जाते रु५०० (५)दै.भ.भ. नेपाल सरकारको नियमअनुसार हुने छ। |
| १४ | पशु स्वास्थ्य घुम्ती क्लीनीक ५दिने | (१)सामग्री व्यबस्थापन, अस्थायी ट्रेबिज निर्मान, औषधी ढुवानी,खाजा व्यस्थापन (२) क्लीनीक सम्पन्न प्रतिबेदन (३) खटीने कर्मचारीलाई दै.भ्र.भ. खर्च | (१)क्लीनीक व्यबस्थापन एकमुष्ट रु.१५०००। (२)दै.भ.भ. नेपाल सरकारले तोके बमोजिम |
| १५ | पशु स्वास्थ्य घुम्ती क्लीनीक ३ दिने | (१)औषधी व्यबस्थापन (२)सामग्री व्यबस्थापन, अस्थायी ट्रेबिज निर्मान, औषधी ढुवानी,खाजा व्यस्थापन (३) क्लीनीक सम्पन्न प्रतिबेदन (४)खटीने कर्मचारीलाई दै.भ्र.भ.खर्च | (१)क्लीनीक व्यबस्थापन एकमुष्ट रु१२०००। (२)दै.भ.भ. नेपाल सरकारले तोके बमोजिम |
| १६ | पशु स्वास्थ्य शिबिर १ दिने | (१)औषधी व्यबस्थापन (२)सामग्री व्यबस्थापन, अस्थायी ट्रेबिज निर्मान,औषधी ढुवानी,खाजा व्यस्थापन (३) सिबिर सम्पन्न प्रतिबेदन (४)खटीने कर्मचारीलाई दै.भ्र.भ. खर्च | (१)सिबिर व्यबस्थापन एकमुष्ट रु१०,०००। (२) दै.भ.भ. नेपाल सरकारले तोके बमोजिम |
| १७ | रेबिज खोप घुम्ती सिबिर | (१)औषधी /खोप व्यबस्थापन (२)सामग्री व्यबस्थापन, अस्थायी, औषधी ढुवानी,खाजा व्यस्थापन (३) सिबिर सम्पन्न प्रतिबेदन (४)खटीने कर्मचारीलाई दै.भ्र.भ. खर्च | (१)सिबिर व्यबस्थापन एकमुष्ट रु१०,०००। (२) दै.भ.भ. नेपाल सरकारले तोके बमोजिम |
| १८ | पशु खोप | पि.पि.आर | प्रति डोज रु १० |
| | | खोरेत | प्रति डोज रु ३० |
| | | एच. एस. वि.क्यू.कमन | प्रति डोज रु १५ |
| | | रेविज | प्रति डोज रु १५० |
| | | कुकुरको डिस्टेम्पर | प्रति डोज रु ५०० |
| | | कुखुराका खोपहरु | प्रति डोज रु ३ |

| | | | |
|---|---|---|---|
| १९ | पशु उपचार सेवा पशुपन्छी दर्ता शुल्क | घरपालुवा ठुला पशु | गाई, भैसी, रु १० <br> घोडा, खच्चड रु २५ |
| | | घरपालुवा साना पशु | भेडा/बाखा, बंगुर रु ५ <br> कुकुर, बिरालो रु २५ |
| | | घरपालुवा पन्छीहरु | कुखुरा, हाँस, टर्की रु १ |
| | | (१) जंगली ठुला जनावर <br> (२) जंगली साना जनावर <br> (३) जंगली पन्छीहरु | (१) प्रति पशु रु ७५ <br> (२) प्रतिपशु रु ५० <br> (३) प्रति पशु रु २५ |
| २० | प्रयोगशाला सेवा | पारासाइटोलोजिकल | प्रति पटक रु १० |
| | | पिसाव परिक्षण | प्रति पटक रु १० |
| | | थुनिलो परिक्षण | प्रति पटक रु ५० |
| | | रगत परिक्षण | प्रति पटक रु १०० |
| | | गोबर परिक्षण | प्रति पटक रु १० |
